नेपाल सरकार
शिक्षा मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
ज्ञानेश्वर, काठमाण्डौ

पत्र संख्या :-०७३/७४
चलानी नं.- ५४३

मिति : २०७३/१०/१९

**विषय : विद्यालय पुनर्निर्माण कार्यबिधी २०७३ पठाइएको सम्बन्धमा ।**

**श्री जिल्ला शिक्षा कार्यालय,**
संखुवासभा/भोजपुर/धनकुटा/सोलुखुम्बु/खोटाङ/चितवन/नवलपरासी/अर्घाखाँची/पाल्पा/गुल्मी/स्याङजा/तनहुँ/लमजुङ/कास्की/बागलुङ/पर्वत/म्याग्दी ।

प्रस्तुत विषयमा वि.स. २०७२ साल वैशाख १२ गतेको भुकम्प र सो पश्चातका पराकम्पका कारण क्षतिग्रस्त विद्यालय भवनहरु पुनर्निर्माणको कार्य गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट स्वीकृत **"विद्यालय पुनर्निर्माण कार्यबिधी २०७३"** थान २५ यसैसाथ पठाइएको छ । विद्यालय पुनर्निर्माण कार्य गर्दा स्वीकृत कार्यविधीको परिधी भित्र रही गर्न/गराउन हुन अनुरोध छ ।

साथै निर्माण कार्यको लागत अनुमान तथा नियमित सुपरिवेक्षण गर्न सुगमतालाई मध्यनजर गरी तहाँ कार्यरत सब-इन्जिनियरहरुको क्षेत्रगत कार्य विभाजन गरी कार्य क्षेत्र भित्रमा नै बस्ने गरी मासिक कार्ययोजना तयार गरी गराई काममा खटाउने । पायक पर्ने कुनै एक स्रोतकेन्द्रमा निजको सम्पर्क विन्दु कायम गर्न सकिने छ । सबै सब-इन्जिनियरहरुले सदरमुकाम स्थित कार्यालयबाटै निर्माण सम्बन्धी कार्यमा खटिँदा निर्माण कार्यको प्रभावकारी हुन नसकी गुणस्तर कायम गर्न अप्ठेरो पर्ने, मितव्ययिता कायम हुन नसक्ने भएकाले विकेन्द्रीकरणको यो व्यवस्था तत्काल लागू गरी कार्य विभाजनको जानकारी केन्द्रीय आयोजना कार्यान्वयन इकाईमा पठाइ यसको नियमित अनुगमन जि.शि.अ. र इन्जिनियरले गर्ने व्यवस्था समेतका लागि अनुरोध छ ।

इमनारायण श्रेष्ठ
आयोजना निर्देशक

**बोधार्थ :**
श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

पुनश्च: उक्त कार्यविधी moepiu.gov.np को website बाट Download गर्न सकिने छ ।

फोन नं. ४४२०१०६, ४४२१३४९, ४४२०५६५, फ्याक्स नं. ४४२०५२१
वेभसाइट :- www.moepiu.gov.np इमेल :-info@moepiu.gov.np